जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-१२, २०८३ असोज २२ गते विहीबार, 8 Oct 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

हेटौडामा विधिविज्ञान प्रयोगशाला



एक जना विदेशी र १४ नेपालीको डीएनए परीक्षण

○सरिता दाहाल

मकवानपुर । बागमती प्रदेशको राजधानी हेटौंडामा प्रयोगशाला स्थापना गरिएको छ । प्रयोगशाला स्थापना गरिएको १ महिनामा १५ वटा डीएनए परिक्षण सकिएको छ । भदौ २२ गतेबाट प्रदेश प्रहरी कार्यालय हेटौडामा नेपाल प्रहरीको विधिविज्ञान प्रयोगशाला सञ्चालनमा ल्याइएको हो ।

मकवानपुरको हेटौंडा उपमहानगर पालिका(११ थानाभञ्ज्याङस्थित प्रदेश प्रहरी कार्यालय परिसरमा स्थापना गरिएको प्रयोगशाला भदौ २२ देखि सञ्चालनमा ल्याइएको हो । यो विधिविज्ञान प्रयोगशाला मुलुकको चौथो हो । यसअघि काठमाडौं, धरान नेपालगन्जमा यस्ता प्रयोगशाला स्थापना भइसकेका छन् । र सुवाबाढीपछि यस्तो प्रयोगशालाको धेरै आवश्यकता महसुस गरिएको थियो ।

करिव १२ करोड रुपैयाँ लागतमा स्थापना गरिएको प्रयोगशालाले मुलुकमा बरामद हुने लागुऔषधमध्ये ४० प्रतिशत नमुनाको परीक्षण गर्ने प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक दीपक रेग्मीले बताए । हेटौंडामा विधिविज्ञान प्रयोगशाला स्थापना भएपछि न्याय निरुपणमा प्रक्रिया छिटो हुने तथा मृतकको शव समेत दिन नसकेको अवस्थामा हड्डी र दाँत उपलब्ध गराइ सस्कारमा सहजिकरण गर्न सकिने अपेक्ष गरिएको छ । यस अघि लागुऔषध, जबर्जस्तीकरणी र डीएनएको प्रतिवेदन ढिलो हुने कारण न्यायप्राप्ति पनि ढिलो हुने गरेको थियो । विधिविज्ञान प्रयोगशालाबाट प्रतिवेदन नआएका कारण अदालतका फैसलामा ढिलाइ हुने गरेको थियो ।

हेटौंडास्थित प्रयोगशालामा बागमती प्रदेशका चितवन, मकवानपुर र सिन्धुली तथा मधेश प्रदेशका बारा, रौतहट र सर्लाहीका नमुना परीक्षण गरिनेछ । नमुना परीक्षणका लागि बरामद भएका वस्तु वा पक्राउ परेकाहरूको जिल्लाबाट तीन दिनभित्र नमुना पठाइसक्नुपर्ने र प्रयोगशालाले १० दिनभित्र सम्बन्धित जिल्लामा प्रतिवेदन पठाउने कार्यतालिका रहेको प्रयोगशालाका प्रमुख मोहनसिंह धामीले बताए ।

उक्त प्रयोगशालामा रसायन तथा लागुऔषध, जबर्जस्तीकरणीअन्तर्गत बायोलोजी, सिरोलोजी र डीएनएका नमुना परीक्षण गरिने प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले बताए ।

अब अन्य प्रदेशमा पनि प्रयोगशाला स्थापना गरिने

मानिसको डीएनए नमुनालाई डिजिटल अभिलेख राख्न मिल्ने गरी 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक प्रतिनिधिसभा १४ असोजमा पारित भइसकेको छ। र सुवाबाढीको शवबाट डीएन जाँचको लागि मकवानपुरको हेटौंडामा भने विधेयक पारित हुन अगावै काम सुरु भएको थियो ।

विधेयक पारित भएसँगै अब प्रदेशमा पनि यो प्रयोगशाला स्थापनार्थ पहल गरिने बताइएको छ । प्रतिनिधिसभाको १४ असोज बुधबारको बैठकमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८३ लाई पारित गरियोसु भन्ने प्रस्ताव राखेका थिए । त्यसलाई प्रतिनिधिसभाको बैठकले सोही दिन सर्वसम्मत रूपमा पारित गरिसकेको र राष्ट्रिय सभाले समेत १६ असोजमा पारित गरिसकेको छ ।

विधेयकले सात वटै प्रदेशमा विधि विज्ञान प्रयोगशाला स्थापना गर्ने व्यवस्था गरेको छ। २ वर्षअघि राष्ट्रिय सभामा विधेयक दर्ता हुँदा आवश्यकताअनुसार प्रदेशस्तरमा प्रयोगशाला स्थापना गर्न सकिने व्यवस्था गरिएको थियो। समितिले सो व्यवस्था संशोधन गर्दै सात प्रदेशमा नै प्रयोगशाला स्थापना गर्ने बाध्य पार्ने व्यवस्था गरेको छ।

'यो दुर्घटनाले विधि विज्ञान प्रयोगशाला बनाउनुपर्ने रहेछ भन्ने महसुस गराएको छ, विदेशीको सहयोग नभएको भए हामीसँग भएको स्रोतसाधनले त एक वर्षसम्म पनि डीएनए परीक्षण नहुने देखियो, प्रनामनि रेग्मीले भने । प्रयोगशाला विकेन्द्रीकरण हुन्छ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ राष्ट्रिय सभामा २०८१ पुस २३ गते उत्पत्ति भई २०८२ माघ २३ गते उक्त सभाबाट पारित भएको थियो। प्रतिनिधिसभाको २०८३ जेठ १२ गते बसेको बैठकले दफावार छलफल गरी सभामा प्रतिवेदन पेस गर्न शिक्षा स्वास्थ्य समितिमा पठाइएको थियो। समितिले २०८३ जेठ २१ गतेदेखि उक्त विधेयकमाथि छलफल सुरु गरेको थियो। समितिले विधेयकमाथि १६ वटा बैठकमा छलफल गरेको जनाएको छ।

विधेयक प्रस्तुत गर्दै मन्त्री पुनले डीएनए परीक्षणलाई तीव्र र प्रभावकारी बनाउन तथा प्रदेशस्तरमा विस्तार गर्न विधेयक ल्याउनु परेको बताएका थिए । यसअघि प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले प्रयोगशालामा प्राप्त डीएनए प्रोफाइललाई व्यवस्थित डिजिटल अभिलेख राख्न बाध्य पार्ने गरी डीएनए डेटा बैंकको स्थापना गर्ने व्यवस्थासहित विधेयक अघि बढाएको थियो।

२०८१ सालमा तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईको समयमा दर्ता भएको विधेयकमा डीएनए डेटा बैंक स्थापना गर्ने व्यवस्था थियो।

विधेयकमा कसुरको अनुसन्धान तथा न्याय सम्पादन एवं बेपत्ता तथा पहिचान नखुलेको व्यक्तिको पहिचानको लागि डीएनए डेटा बैंकको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ।

एक जना विदेशीको डीएनए परीक्षण

हेटौंडामा हालसम्म १ जना विदेश नागरिकको डीएन परीक्षण गरिएको छ । हालैमात्रै संशोधनसहित पास भएको विधेयकमा विदेशी मुलुकले मागेको अवस्थामा नेपाली नागरिकको डीएनए प्रोफाइल समेत उपलब्ध गराउन सकिने प्रावधान छ ।

कुनै मुद्दाको अनुसन्धान गर्दा वा न्यायिक कारबाही वा कार्यान्वयनको सिलसिलामा प्रमाणको लागि डीएनए डेटा बैंकमा रहेको कुनै पनि व्यक्तिको डीएनए प्रोफाइलको विवरण विदेशी मुलुकले माग गरेमा त्यस्तो मुलुकलाई पारस्परिक कानुनी सहायता सम्बन्धी प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी दिन सकिनेछ ।'

इन्साइड ---- स्टोरी


महिनावारी बिदा:महिलाकै लागि प्रत्युत्पादक हुने चिन्ता
प्रतिमा सिलवाल
विचार पेज २ मा

"मासु व्यवसाय अब व्यवस्थित हुन्छ"



डा. उमेश दाहाल,
(महानिर्देशक पशु सेवा विभाग)
अन्तर्वार्ता
पेज ३ मा

जहाँ बिरामी पर्दा पैसा खोज्नुपर्दैन



पेज ४ मा

राक्सिराङका चेपाङ समुदायमा विशेषज्ञ स्वास्थ्य सेवा
पेज ६ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

सुशासनमाथि प्रश्न

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा अघिल्लो वर्षबाट जिम्मेवारी सरेका समेत २ हजार ७ सय ७८ उजुरी पर्नुले स्थानीय शासनमा फेरी शंका जन्माएको छ । कुल उजुरी मध्ये ४७.३० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित हुनु संघीयताको तल्लो तहमा सुशासनको अवस्था पुनरावलोकन गर्नुपर्छ भन्ने आवश्यकता दर्साउँछ ।स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो। त्यसैले त्यहाँ हुने अनियमितता र अधिकारको दुरूपयोगले राज्यप्रतिको नागरिक विश्वासमै प्रत्यक्ष असर पार्छ।

अख्तियारले १ हजार ७६७ उजुरी अर्थात् ६४.७७ प्रतिशत फरर्यौंठ गरेको तथ्य अनुसन्धान संयन्त्र सक्रिय रहेको प्रमाण हो। तर उजुरी परेपछि अनुसन्धान र कारबाही गर्नेभन्दा उजुरी नै नपर्ने प्रणाली निर्माण गर्नु स्थानीय सरकारको प्राथमिकता हुनुपर्छ। सार्वजनिक खरिद, कर्मचारी नियुक्ति, योजना छनोट, उपभोक्ता समिति, राजस्व, सवारी तथा इन्धन खर्चजस्ता क्षेत्रमा पारदर्शिता र आन्तरिक नियन्त्रण बलियो बनाउन आवश्यक छ। जनप्रतिनिधि र कर्मचारीले कानुनलाई प्रक्रियागत बाधा होइन, सार्वजनिक जवाफदेहिताको आधारका रुपमा बुझ्नुपर्छ।

अख्तियारको तथ्यांक स्थानीय तहका लागि आरोपपत्र होइन, सुधारको ऐना हो। त्यसमा देखिएको कमजोरी सच्याउने जिम्मेवारी अब स्थानीय सरकारकै हो। मकवानपुरको स्थानीय तहहरूले पनि प्रभावकारी सेवामा भन्दा अनियमितता बढाउन बढी लगाव देखाउने गरेको गुनासाहरू आउने गरेका छन् । यो असल शासनको विरूद्ध हो । यसलाई सच्याउनु जरूरी छ ।

महिनावारी बिदा:महिलाकै लागि प्रत्युत्पादक हुने चिन्ता

प्रतिमा सिलवाल

चितवन । व्यवहारिक उपयोगिता अध्ययन नगरी ल्याइने कतिपय कानूनी तथा नीतिगत व्यवस्था कार्यन्वयनको चरणमा पुगेपछि चुनौतीका रुपमा देखा पर्छन् ।

प्रतिनिधिसभामा विचाराधीन 'संघीय निजामती सेवा विधेयक' मा प्रस्तावित महिनावारी बिदा यसकै पछिल्लो उदाहरण हो ।

महिला कर्मचारीको प्रजनन स्वास्थ्य र सुविधालाई ध्यानमा राखेर अघि सारिएको भनिएको यो व्यवस्था पहिलो नजरमा प्रगतिशीलजस्तो देखिन्छ । महिलाको प्रजनन अधिकारका लागि भनिएको कारणले यो व्यवस्थाको विषयमा आलोचनात्मक टिप्पणी पनि खासै भएको छैन ।

तर, हाम्रा कार्यस्थलको यथार्थ, न्यूनतम पूर्वाधारको अभाव र सामाजिक मनोविज्ञानलाई गहिरोसँग अध्ययन नगरी ल्याइएको यो प्रावधानले उल्टै अनेकौं व्यवहारिक प्रश्न जन्माएको छ ।

कानूनमा बिदाको सं&या थप्दैमा महिलाको वास्तविक हित र सशक्तीकरण सम्भव छ त ? वा यसले उनीहरुको कार्यक्षमता, उत्पादकत्व र करियरको उचाइमा अप्रत्यक्ष चुनौती खडा गर्न सक्छ कि सक्दैन ? आउनुस् महिलाको महिनावारीका विषय र बिदाबारे केही चर्चा गरौं ।

के महिनावारी बिरामी अवस्था हो ?

चिकित्सकीय दृष्टिकोणबाट हेर्दा महिनावारी कुनै रोग वा अशक्तता होइन । यो महिला शरीरको एक सामान्य र प्राकृतिक प्रक्रिया मात्र हो । महिलाको शारीरिक परिपक्वताको अवस्थालाई महिनावारीले देखाउँछ ।

सामान्य शारीरिक अवस्थाका सबै महिलामा अनिवार्य हुने महिनावारीलाई बिरामीको रूपमा बिम्ब बनाएर मनोवैज्ञानिक रूपमा कमजोरीको भाष्य बनाउन नहुने भरतपुर अस्पतालका वरिष्ठ स्त्री रोग विशेषज्ञ प्रा. डा. सुनीलमणि पोखरेलको तर्क छ ।

उनी महिनावारीको अवस्थालाई बिदा लिनुपर्ने समयका रुपमा मात्र ल्याइनु व्यावहारिक नहुने तर्क गर्छन्।'महिनावारी एक प्राकृतिक प्रक्रिया हो, सबै महिलालाई प्रत्येक महिना कडा दुखाइ वा असहजता हुन्छ नै भन्ने छैन', डा. पोखरेल भन्छन् ।

अत्यधिक दुखाइ वा अन्य स्वास्थ्य समस्या भएका सीमित महिलालाई मात्र विशेष आराम वा औषधिको आवश्यकता पर्छ । तर, स्वास्थ्यका दृष्टिले सबैलाई एकैसाथ महिनावारी बिदा आवश्यक देखिँदैन । अझ स्वास्थ्य क्षेत्रजस्ता संवेदनशील निकायमा धेरैजसो कर्मचारी महिला नै हुन्छन्। त्यहाँ सबैलाई महिनावारी बिदा दिँदा सेवा प्रवाह र जनशक्ति व्यवस्थापनमै ठूलो चुनौती आउन सक्ने उनको बुझाइ छ ।

डा. पोखरेल हाम्रा सांस्कृतिक प्रचलनका कारण घरमा बस्दा महिलाहरुले उल्टै बन्देज वा थप कामको बोझ सहनुपर्ने अवस्था आउन सक्ने तर्क गर्छन् । यही कारणले बिदाको वास्तविक औचित्य नै समाप्त हुनसक्ने डर पनि रहेको उनको बुझाइ छ ।

विश्वका विभिन्न देशमा महिनावारी बिदाबारे भएका अनुसन्धानले पनि कानुनी अधिकार तोकेर मात्रै उद्देश्य हासिल नहुने पुष्टि गरेका छन्।

महिनावारी बिदाको इतिहास सन् १९२० मा रसियाबाट सुरु भएको इतिहास छ । त्यससँगै जापान, स्पेन लगायतका केही देशले महिनावारी बिदा दिने पनि गरेका छ् ।

तर, अध्ययनहरुले महिनावारी बिदा महिलाले नलिने गरेका तथ्यहरू पाइएका पनि छन् । जापान सरकारको स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले सन् २०२०/२०२१ मा गरेको 'कार्यस्थल र श्रम स्थिति सर्वेक्षण' ले अनौठो तथ्य बाहिर

महिनावारी बिदा सुन्दा पपुलर वा महिलाको हितमै जस्तो देखिए पनि यसले दीर्घकालीन रूपमा महिलाहरूलाई नै घाटा पुऱ्याउन सक्छ।

ल्याएको थियो ।

जापानमा सन् १९४७ देखि नै महिनावारी बिदाको कानुनी अधिकार छ। तर, सन् २०२० को सरकारी तथ्याङ्क अनुसार बिदा लिन योग्य महिला कर्मचारीमध्ये ०.९ प्रतिशत अर्थात् १ प्रतिशत भन्दा पनि कमले मात्र यो बिदा प्रयोग गरेको पाइएको थियो ।

यो विवरण जापान सरकारको स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेव साइटमा उपलब्ध छ ।

पुरूष हाकिम वा सहकर्मीसमक्ष आफ्नो व्यक्तिगत स्वास्थ्य खुलाउँदा हुने सङ्कोच, गोपनीयता भङ्ग हुने डर र बिदा लिँदा कार्यालयमा 'कमजोर' वा 'कामप्रति कम प्रतिबद्ध' देखिने त्रास यसको मुख्य कारण सर्वेमा पाइएको थियो ।

त्यसैगरि , नेदरल्यान्ड्सका अनुसन्धानकर्ताहरुले सन् २०२९ मा ३२ हजार ७ सय ४८ जना डच महिलाहरुमाझ गरेको सर्वेक्षण चर्चित मेडिकल जर्नल बीएमजे ओपनमा प्रकाशित भएको थियो।

उक्त अध्ययन अनुसार महिनावारीका बेला हुने दुखाइ र थकानका कारण महिलाहरुको कार्यस्थल र विद्यालयमा वर्षमा औसत ८.९ दिन अर्थात् करिब ९ दिन बराबरको उत्पादकत्व ह्रास हुने गर्छ।

तथापि, अनुसन्धानकर्ताहरुले महिलालाई घर पठाउने पूर्ण बिदामन्दा पनि कार्यस्थलमा 'लचिलो कामको समय' र 'घरबाटै काम गर्ने' वातावरण दिनु स्वास्थ्य र उत्पादकत्व दुवैका लागि प्रभावकारी हुने निष्कर्ष निकालेका छन्।

पपुलिस्ट निर्णयले अप्रत्यक्ष विभेदको जोखिम

नेपालको प्रस्तावित निजामती सेवा विधेयकप्रति प्रशासनिक विज्ञ र अधिकारकर्मीहरुले पनि फरक फरक कोणबाट चिन्ता व्यक्त गरेका छन् । पूर्व मुख्यसचिव तथा लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनाली यस प्रावधानले महिलाको दीर्घकालीन करियरमै नकारात्मक असर पार्न सक्ने चेतावनी दिन्छन् ।

महिनावारी बिदा सुन्दा पपुलर वा महिलाको हितमै जस्तो देखिए पनि यसले दीर्घकालीन रुपमा महिलाहरुलाई नै घाटा पुऱ्याउन सक्छ, मैनाली भन्छन: सरकारी निकायमा त यो लागू होला, तर निजी क्षेत्र वा अन्य संस्थाहरुले हरेक महिना थप बिदा दिनुपर्ने दायित्वका कारण महिलाहरुलाई जागिर दिन नै हिचकिचाउने जोखिम बढ्छ ।

उनले सैनिक सेवामा महिलाका लागि आरक्षणको व्यवस्था गर्नेबेला पेशाको प्रकृतिका कारण आरक्षण गर्न नहुने धेरै तर्क आएको पनि सम्झिए । मैनालीले यो व्यवस्थाले कार्यस्थलमा सिर्जना हुन सक्ने अप्रत्यक्ष विभेदको जोखिम हुनसक्ने बताए ।

यदि महिनावारी बिदालाई केवल बिदाका रुपमा मात्र अघि सारियो भने रोजगारदाताहरुले महिलालाई 'बढी खर्चिला' वा 'कम उपलब्ध हुने' कर्मचारीका रुपमा *बाँकी पेज ४ मा*

सहीखबर

सहीवार्ता
www.saheekhabar.com

२०८३ असोज २२ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

‘मासु व्यवसाय अब व्यवस्थित हुन्छ’

मासु, दुध, अण्डा लगायत पशुपन्छीजन्य उत्पादनले नेपालको अर्थतन्त्रमा गहिरो प्रभाव राख्छन् । पशु, पन्छी र मत्स्य क्षेत्रको प्रवर्द्धन, नियमन, रोग नियन्त्रण, पशु प्रजनन् तथा वंशाणुगत संरचना संरक्षणको जिम्मेवार ी पशु सेवा विभागलाई छ ।

देश संघीय संरचनामा गइसकेपछि पशु सेवा विभागको कार्यशैलीमा के कस्ता परि वर्तन आए ? नेपालको पशुजन्य उत्पादनको अवस्था के छ ? विगत २८ वर्षदेखि थन्किएर बसेको ‘पशु बधशाला र मासु जाँच ऐन, २०५५’ लाई सरकारले अहिले आएर किन यति आक्रामक रुपमा कार्यान्वयन गर्दैछ ? यिनै समसामयिक र जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएका विषयमा केन्द्रित रहेर पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालसँग गरिएको कुराकानीको सम्पादित अंश

संघीय संरचनामा गइसकेपछि पशु सेवा विभागले अहिले कसरी काम गरिरहेको छ ? विभागको सांठनिक ढाँचा र कार्यप्रणालीमा कस्तो परिवर्तन आएको छ ?

पशु सेवा विभागको कार्यक्षेत्रलाई हेर्ने हो भने यसले पशु, पन्छी र मत्स्य क्षेत्रको प्रवर्द्धनात्मक भूमिका, नियमनकारी भूमिका, रोग नियन्त्रण र पशु प्रजनन् तथा वंशाणुगत संरचनाको संरक्षण गर्ने काम गर्छ । व्यावसायिक पशुपाललनलाई वृद्धि गर्ने र विशेषगरी पशुजन्य उत्पादनको आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने दिशामा हामी केन्द्रित छौं ।

विगतमा एकात्मक व्यवस्था हुँदा विभाग मातहत ९७९ वटा सेवा केन्द्र र करिब एक हजार वटा सबसेन्टरहरु थिए, जसले स्थानीय तहसम्म प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्थे । जिल्ला स्तर मा कार्यालयहरु थिए र क्षेत्रीय स्तरमा पनि निर्देशनालयहरु थिए ।

अहिले देश संघीयतामा गइसकेपछि संविधानले दिएको अधिकार अनुरुप यी काम बाँडिएका छन् । नियमनकारी, प्रवर्द्धनात्मक र रोग नियन्त्रणका तुला कार्य संघीय सरकार मातहत छन् भने उत्पादन प्रवर्द्धन र किसानसँग प्रत्यक्ष जोडिएर गरिने कामहरु स्थानीय र प्रदेश सरकार को जिम्मेवारीमा पुगेका छन् । संघीयताको मर्म अनुसार नै तीन तहका सरकारहरुले आफ्नो आफ्नो क्षेत्राधिकारभित्र रहेर समन्वयकारी ढंगले पशु विकास र पशु स्वास्थ्यको क्षेत्रमा काम गरिरहेका छन् ।

संघीय संरचना आइसकेपछि विगतको ‘चेन अफ कमाण्ड’ कतै टुटेको जस्तो वा रिपोर्टिङमा समस्या आएको गुनासो सुनिन्छ । यसलाई प्राविधिक रूपमा कसरी व्यवस्थापन गरिरहनुभएको छ ?

शासकीय स्वरुपको हिसाबले हेर्दा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार आ आफ्नो ठाउँमा स्वायत्त छन् र उहाँहरुले आफ्नो काम गरिरहनुभएको छ । तर प्राविधिक रुपमा हेर्दा ‘चेन अफ कमाण्ड’ केही हदसम्म बिग्रिएको पक्कै हो । मन्त्रीज्यूकै अध्यक्षतामा बैठकहरु बस्छन् र त्यहाँ प्रदेश र स्थानीय तहका प्रतिनिधिहरु पनि सहभागी हुनुहुन्छ । हामीले त्यहाँबाट रिपोर्टिङ प्रणालीलाई व्यवस्थित गर्न निरन्तर अनुरोध गरिरहेका छौं ।

हामीले करिब २०० वटा स्थानीय तहमा पशु चिकित्सक (भेटेरिनरी डाक्टर) पठाइसकेका छौं । यसले प्राविधिक समन्वय र रिपोर्टिङलाई बिस्तारै सहज बनाउँदै लैजाने हाम्रो विश्वास छ ।

नेपालमा अहिले समग्र पशु सेवा क्षेत्र र उत्पादनको अवस्था कस्तो छ ? हामी आयातमा निर्भर छौं कि निर्यात पनि गरिरहेका छौं ?

मुलुकको समग्र व्यापार घाटा अत्यन्तै उच्च छ । पशु सेवा वा पशुजन्य उत्पादनको क्षेत्रलाई मात्र केलाएर हेर्ने हो भने हामी व्यापार नाफाको अवस्थामा छौं । हामीले आयात गर्ने भन्दा निर्यात गर्ने दर निकै बढी छ । गत वर्षको भन्सार विभागकै तथ्याङ्क हेर्ने हो भने पनि हामीले झण्डै ४ अर्ब ८१ करोड रूपैयाँ बराबरको छुर्पी मात्रै निर्यात गरेका छौं ।

करिब ४५ करोड रूपैयाँ बराबरको राँगाभैंसीको छाला निर्यात भएको छ । मासुको कुरा गर्दा ५ करोड रूपैयाँ बराबरको राँगाभैंसीको मासु र करिब साढे ४ करोड रूपैयाँ बराबरको कुकुरले चपाउने हाड (डग च्यु) निर्यात भएको छ । यसबाहेक परिमना र अन्य दुग्धजन्य उत्पादनहरु पनि उल्लेख्य मात्रामा निर्यात भइरहेका छन् । पशुपालन क्षेत्र एकदमै चलायमान र सम्भावना बोकेको क्षेत्र हो । विशेषगरी उच्च हिमाली क्षेत्रमा याक, चौंरी, भेडा, च्याङ्ग्रा जस्ता पशुपालनको प्रवर्द्धन गर्न हामीले स्थानीय सरकार सँग मिलेर काम गरिरहेका छौं । खोप उत्पादनमा पनि हामी निकै अगाडि छौं । पीपीआर क्लासिकल स्वाइन फिभर (बंगुरको हैजा), रेबिज जस्ता खोपहरुमा हामी ५० प्रतिशतभन्दा बढी आत्मनिर्भर भइसकेका छौं । त्यसैगरी रोग निदानका लागि हामीसँग काठमाडौं बाहिर पनि ६ वटा अत्यन्तै सुविधासम्पन्न प्रयोगशाला सञ्चालनमा छन् ।

चीनतर्फ राँगा-भैंसीको मासु निर्यात गर्ने विषय निकै चर्चामा छ । यसको सम्भावना र सरकारको तयारी कस्तो छ ?

चीन लगायत देशमा राँगा र भैंसीको मासुको अत्यधिक माग छ । यसलाई हामी ‘ब्ल्याक गोल्ड’ अर्थात् कालो सुनको रुपमा पनि लिन्छौं । भैंसीको मासु, छाला, हाड, र सिङ सबै कुरा प्रयोगमा आउँछन् र यसको अन्तर्राष्ट्रिय बजार निकै राम्रो छ । विगत तीन वर्षदेखि हामीले यस विषयमा गम्भीरतापूर्वक काम गरिरहेका छौं । हामीले स्थानीय सरकारहरुलाई जहाँ भैंसी पालनको सम्भावना छ, त्यहाँ लगानी गर्न ससर्त अनुदान समेत पठाएका छौं ।

हामीले अहिलेकै अवस्थामा सिधै मासु पठाउन सक्दैनौं । यसका लागि प्रशोधन र मूल्य शृङ्खलामा काम गर्नुपर्ने हुन्छ । मासुलाई ‘चिल्ड मिट’ (चिस्यान गरिएको मासु) को रुपमा विकास गरेर पठाउन सकियो भने यसले प्रतिकिलो ३५ सय रूपैयाँसम्म मूल्य पाउन सक्छ ।

‘पशु बधशाला र मासु जाँच ऐन, २०५५’ बनेको झण्डै २८ वर्ष भयो । यति लामो समयसम्म कार्यान्वयन हुन नसकेको यो ऐनलाई अहिले आएर एक्कासि किन यति आक्रामक रूपमा अगाडि बढाउँदै हुनुहुन्छ ?

२०५५ सालमा यो ऐन आयो र २०५७ सालमा यसको नियमावली बन्यो । त्यसयता हेर्दौंडा, सुर्खेत, बुटवलमा यसलाई लागु गर्ने प्रयास नभएका होइनन्, तर सफल हुन सकेन । हामीले विगतका असफलताहरुको गहिरो समीक्षा गर्यौं र मुख्यतया चारवटा कारण पत्ता लगायौं । पहिलो, उपभोक्तास्तर मा स्वच्छ मासु खानुपर्छ भन्ने जनचेतनाको घोर अभाव थियो । दोस्रो, ऐनले मासु जाँच गर्न ‘मासु निरीक्षक’ को व्यवस्था गरेको छ, तर त्यो बेला देशभर जम्मा डेढ सयको हाराहारीमा मात्र पशु चिकित्सकहरु थिए, जसले गर्दा जनशक्तिको चरम अभाव भयो । तेस्रो, स्थानीय सरकारहरुले यसलाई अपनत्व ग्रहण गरेनन्, यो केन्द्र सरकारको मात्र एजेन्डा जस्तो बन्न पुग्यो । र चौथो, सुरूमै ठुला र अत्याधुनिक बधशालाहरु मात्र खोजियो, जुन व्यावहारिक थिएन ।

अहिले चलिरहेका बधस्थलहरुलाई नै न्यूनतम सरसफाइ र मापदण्ड पूरा गर्ने गरी सुधार गर्ने र जनस्वास्थ्यलाई सर्वोपरी राखेर यही मंसिर १ गतेदेखि काठमाडौं उपत्यकाबाट यो ऐनलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने अठोटका साथ हामी अगाडि बढेका छौं ।

मंसिर १ गतेदेखि लागु गर्ने भन्नुभएको छ, यसको कार्ययोजना वा चरणबद्ध रूपरेखा कस्तो छ ? के देशभर एकैपटक लागु हुँदैछ ?

होइन, हामीले यसलाई अत्यन्तै व्यावहारिक र चरणबद्ध रुपमा अगाडि बढाउने कार्ययोजना बनाएका छौं । पहिलो चरणमा यही मंसिर १ गतेदेखि काठमाडौं उपत्यकाका तीनवटै जिल्लाका ३१ वटा पालिकाहरुमा यो पूर्ण रुपमा लागु हुँदैछ । त्यसपछि दोस्रो चरणमा आगामी माघ १ गतेदेखि बागमती प्रदेशका सम्पूर्ण जिल्लाहरुमा यसलाई विस्तार गरिनेछ । र, तेस्रो चरणमा आगामी वर्षको साउन १ गतेदेखि देशका ७७ वटै जिल्लामा यो ऐन पूर्ण रुपमा कार्यान्वयनमा आउनेछ ।

काठमाडौं उपत्यका भनेको जात्रा, चाडपर्व र परम्पराको सहर पनि हो । यहाँ बलिसहित पशु काट्ने चलन छ । यो ऐनले ती परम्परागत वा धार्मिक कार्यलाई कसरी सम्बोधन गर्छ ? के त्यहाँ पनि हस्तक्षेप हुन्छ ? यहाँनेर म प्रस्ट पार्न चाहन्छु । यो ऐनले कसैको पनि धार्मिक आस्था, परम्परा, जात्रा वा व्यक्तिगत प्रयोजनका लागि घर मा काटिने पशुको हकमा कुनै पनि हस्तक्षेप गर्दैन ।

तर यसको अर्थ जात्रा वा बलिको नाममा सडकको बिचमा पशु काटेर रगतको खोला बगाउन र जतातते फोहोर गर्न पाइन्छ भन्ने होइन ।

कहिलेकाहीं हामी सडकमा देख्छौं, एउटै मोटर साइकलमा उँधोमुन्टो लगाएर जिउँदा खसीबोका ओसारिएको हुन्छ, वा फोहोर ट्रकमा खुलमखुल्ला मासु ल्याइन्छ । यो ऐन लागु भएपछि यस्ता दृश्यहरू रोकिन्छन् त ?

पक्कै पनि रोकिन्छन् र रोकिनु नै पर्छ । जनावरहरुलाई निर्दयी ढंगले ओसारपसार गर्नु पशु कल्याणको दृष्टिकोणले पनि गम्भीर अपराध हो । मोटरसाइकलमा उँधोमुन्टो लगाउने, एउटै गाडीमा कोचाकोच गरेर पशु बोक्ने वा खुला ट्रकमा धुलो उडाउँदै मासु ओसार्ने कार्य पूर्ण रुपमा बन्द गरिनेछ ।

मासु ओसार्नका लागि तापक्रम नियन्त्रण गर्न सकिने (चिस्यान भएको) बन्द गाडीहरुको व्यवस्था हुनुपर्छ । जिउँदा पशु ओसार्दा पनि उनीहरुलाई कष्ट नहुने गरी मापदण्ड पुगेका गाडीमा मात्र ल्याउन पाइन्छ ।

ऐन कार्यान्वयनको सन्दर्भमा आम उपभोक्ता, मासु व्यवसायी र स्थानीय सरकारलाई के सन्देश दिन चाहनुहुन्छ ?

म सबैभन्दा पहिले स्थानीय सरकार र जनप्रतिनिधिज्यूहरुलाई आग्रह गर्न चाहन्छु यो कुनै एउटा विभाग वा मन्त्रालयको मात्र काम होइन, यो आम नागरिकको जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय हो । त्यसैले यसलाई आफ्नो प्रमुख दायित्व सम्झेर नेतृत्व लिनुहोस् ।

मासु व्यवसायी साथीहरुलाई मेरो सन्देश छ: हामी तपाईंहरुको व्यवसाय बन्द गराउन आएका होइनौं, बरु तपाईंहरुको व्यवसायलाई थप सम्मानित, व्यवस्थित र व्यावसायिक बनाउन आएका हौं । कानुनको पालना नगर्नेलाई अब छुट हुनेछैन, किनकि हामीले सम्झाउने समय सकिसकेको छ ।

तपाईंहरुले पैसा तिरेर मासु किन्दै हुनुहुन्छ भने स्वस्थ र स्वच्छ मासु मात्र माग्नुहोस् । बध गर्नुअघि र पछि परीक्षण गरेर छाप लगाएको मासु मात्र खरिद गर्ने बानी बसाल्नुहोस् ।

अमृत चिमोरियाले रातोपाटीको लागि लिएको अन्तर्वार्ता हामीले साभार गरेका हौं- सं ।



जहाँ बिरामी पर्दा पैसा खोज्नुपर्दैन

स्वास्थ्यमा गरिएको लगानीको पछाडि एउटा गहिरो पीडा छ । २०७९ देखि २०८३ सालसम्म हेटौंडा-९ का २० जनाले क्यान्सरका कारण ज्यान गुमाइसकेका छन् । 'क्यान्सरबाट वर्षेनी वडावासीको मृत्यु हुँदा असह्य पीडा हुन्छ' वडा अध्यक्ष केसी भन्छन्, 'त्यसैले स्वास्थ्य र शिक्षामा वडाको क्षमतामा लगानी गरेर काम गर्दै आएका छौं ।'



○ नविन तिमल्सिना

हेटौंडा । बुढ्यौलीतिर ढल्कँदै गरेका सीताराम पौडेल लामसुरे आधारभूत स्वास्थ्य केन्द्रको पहिलो तलाबाट ओर्लिँदै थिए । उनको हातमा औषधिको पोको थियो ।


क्यान्सरले थलिएकी सीतारामकी श्रीमती कृष्णमाया विगत १२ वर्षदेखि प्रेसरको औषधि खाइरहेकी छिन् । घरमा दीर्घरोगी भएका सामान्य परिवारका लागि नियमित औषधिको खर्च जोहो गर्न निकै गाह्रो पर्छ । तर सीतारामलाई अहिले औषधिका लागि पैसा जुटाउनुपर्ने चिन्ता छैन ।

'श्रीमतीका लागि प्रेसरको औषधि लिन आएको हुँ । त्यसमाथि उसलाई क्यान्सर छ । महिनैपिच्छे एक हजार रुपैयाँसम्मको औषधि वडाबाटै पाउँदै आएको छु,' सीतारामले सुनाए, 'हामी बुढाबुढीलाई कतै जानुपरेको छैन । जाँच पनि यहीं हुन्छ, औषधि पनि पाइन्छ ।'

उनलाई परिवारको स्वास्थ्यको चिन्ता त थियो, तर औषधिका लागि पैसा खोज्दै हिँड्नु नपरेकोमा राहत पनि थियो ।

८० वर्षीया अन्नपूर्ण अधिकारी र ६५ वर्षीया सीता खतिवडा पनि हातमा औषधि बोकेर लामसुरे आधारभूत स्वास्थ्य केन्द्रबाट घर फर्किने तयारीमा थिए । उनीहरू पनि यही स्वास्थ्य केन्द्रबाट निःशुल्क औषधि लैजान्छन् । 'हामी त पहिल्यैदेखि औषधि यहींबाट लैजान्छौं । कहिल्यै पैसा तिरेको छैन' उनीहरूले सुनाए ।

यो हेटौंडा उपमहानगरपालिका-९ को



कथा हो, जहाँ बिरामी पर्दा उपचारका लागि पैसा खोज्नुपर्दैन । दीर्घरोग लागेका नागरिकले नियमित औषधि किन्न महिनैपिच्छे खर्च जुटाउनुपर्दैन । स्वास्थ्य परीक्षण गराउँदा पनि शुल्क तिर्नुपर्दैन । यो सुविधा सर्वसाधारणले साढे चार वर्षदेखि निरन्तर पाइरहेका छन् ।

२०७९ सालदेखि वडाले स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेर लामसुरे आधार भूत स्वास्थ्य केन्द्रलाई 'गाउँको अस्पताल'को अवधारणामा विकास गर्दै आएको छ । स्वास्थ्य केन्द्रकी अहेब सरिता महतका अनुसार दैनिक ४० देखि ५० जनासम्म बिरामी उपचार, स्वास्थ्य परीक्षण र दीर्घरोगको औषधि लिन यहाँ आउने गरेका छन् ।

करिब साढे चार वर्षमा यो स्वास्थ्य केन्द्रबाट १३ हजार जनाले स्वास्थ्य उपचार र औषधिको निःशुल्क सेवा लिएका छन् । सरकारले उपलब्ध गराउने ९८ प्रकारका औषधि यहाँ निःशुल्क पाइन्छ । त्यसमा वडा कार्यालयले आफ्नै बजेटबाट खरिद गर्ने ८२ प्रकारका औषधि पनि थपिन्छन् ।

प्रोस्टेडका बिरामीका लागि आवश्यक औषधि, दमका बिरामीले प्रयोग गर्ने रोटा क्याप, आस्थालिनलगायत महँगो पर्ने औषधि पनि बिरामीले पैसा नतिरी पाउँछन् ।

उच्च रक्तचाप, मधुमेह, मुटुरोग, मानसिक रोग, कोलेस्ट्रोल, बाथ, थाइराइड लगायत रोगका बिरामीका लागिसमेत औषधि उपलब्ध गराइन्छ ।

'कतिपय बिरामीले महिनामा ५ देखि ८ हजार रुपैयाँसम्मका औषधि यहाँबाट पाउँदै आउनुभएको छ' वडाध्यक्ष सुकराम केसी भन्छन्, 'त्यो रकम सानो होइन । महिनामा ५ हजार रुपैयाँको औषधि किन्न नसक्ने परिवारका लागि निःशुल्क औषधि उपचार दिन सकेका छौं ।'

पाँच लाखबाट सेवा सुरु, स्वास्थ्य केन्द्रमै विशेषज्ञ

निःशुल्क स्वास्थ्य सेवा विस्तार गर्ने यो अभियान २०७९ सालमा ५ लाख रुपैयाँ बजेटबाट सुरु भएको थियो ।

एक वर्षपछि, २०८० सालमा बजेट बढाएर १० लाख रुपैयाँ पुऱ्याइएको वडाध्यक्ष केसीले जानकारी दिए । २०८३ सालसम्म आइपुग्दा स्वास्थ्य सेवाका लागि वडाले २० लाख रुपैयाँ बजेट छुट्याएको छ । वडाको आफ्नै प्रयाससँगै प्रदेश सरकार र निजी क्षेत्रको सहयोग पनि जोडिएको छ ।

बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ मा १० लाख रुपैयाँ सहयोग गरेको थियो । उक्त रकमबाट स्वास्थ्य उपकरण खरिद गरिएको छ । चालु आर्थिक वर्ष २०८३/८४ का लागि पनि मन्त्रालयले १० लाख रुपैयाँ बजेट छुट्याएको वडाध्यक्ष केसी बताउँछन् ।

हेटौंडा औद्योगिक क्षेत्रस्थित ब्रजर पेन्ट्स प्रालिले दिएको ५ लाख रुपैयाँ सहयोगबाट सुत्केरी महिलाको स्वास्थ्य परीक्षणका लागि उपकरण खरिद गरिएको छ । वडा कार्यालयले हेटौंडा-९ मै रहेको मानव सेवा आश्रमको केन्द्रीय कार्यालयलाई पनि वर्षेनी १० लाख रुपैयाँ सहयोग गर्दै आएको छ । आश्रममा रहेका सयौं वृद्धवृद्धाको औषधि उपचारका लागि यो रकम खर्च हुन्छ ।

स्वास्थ्य केन्द्र आउन नसक्नेलाई घरमै सेवा

स्वास्थ्य केन्द्रसम्म आउन सक्ने बिरामीका लागि मात्रै सेवा सीमित छैन । हिँडडुल गर्न नसक्ने, अशक्त तथा दीर्घरोगीका लागि स्वास्थ्यकर्मी घरमै पुग्ने गरेको अध्यक्ष केसीले बाए । अक्सिजन लगाउनुपर्ने बिरामीलाई समेत घरमै पुगेर सेवा दिइन्छ ।

'यहाँ धेरै दीर्घरोगी घरमै हुनुहुन्छ । स्वास्थ्य केन्द्रसम्म आउन नसक्नेलाई घरमै पुगेर उपचार गर्छौं' अहेब महत भन्छिन्, 'अक्सिजन आवश्यक पर्ने बिरामीका लागि अक्सिजन प्लान्टसमेत घरमै लगेर सेवा दिन्छौं ।' घरमै पुगेर सेवा दिन चार जना स्वास्थ्य स्वयंसेविका खटिएका छन् ।

स्वास्थ्य केन्द्रमा एक सिनियर अहेब, एक अहेब, एक अनमी, एक ल्याब असिस्टेन्ट र एक कार्यालय सहयोगी छन् । केन्द्रका अन्य कर्मचारीको पारिश्रमिक हेटौंडा उपमहानगर पालिकाले ब्यहोर्दै आएको छ । कार्यालय सहयोगी र स्वास्थ्य स्वयंसेविकाको खर्च भने वडा कार्यालयले आफ्नै स्रोतबाट व्यवस्थापन गर्छ । वडाले दुई ठाउँमा टोल क्लिनिकसमेत सञ्चालन गरेको छ । शिव पाञ्चायन मन्दिर र कालिमाई मन्दिरमा महिनाको दुई पटक टोल क्लिनिक सञ्चालन हुन्छ ।

क्यान्सरबाट २० जनाको मृत्यु

वडाध्यक्ष केसीका लागि स्वास्थ्यमा गरिएको लगानीको पछाडि एउटा गहिरो पीडा छ । २०७९ देखि २०८३ सालसम्म हेटौंडा-९ का २० जनाले क्यान्सरका कारण ज्यान गुमाएको उनी बताउँछन् ।

'क्यान्सरबाट वर्षेनी वडावासीको मृत्यु हुँदा असह्य पीडा हुन्छ' केसी भन्छन्, 'त्यसैले स्वास्थ्य र शिक्षामा वडाको क्षमतामा लगानी गरेर काम गर्दै आएका छौं ।' २०७९ सालमा वडा कार्यालयले २४ वटा टोल विकास संस्थाभित्र रहेका घरधुरीको सर्वेक्षण गरेको थियो । कुन घरमा कति बिरामी छन्, कुन प्रकारका रोगी छन्, कुन रोगको समस्या बढी छ, सर्वेक्षणबाट यसको तथ्यांक निकालिएको थियो । त्यही तथ्यांकले वडालाई आफ्नो स्वास्थ्य प्राथमिकता पहिचान गर्न सहयोग गऱ्यो ।

स्वास्थ्य केन्द्रको तथ्यांकमा अहिले उच्च रक्तचाप र मधुमेहका बिरामीको संख्या उल्लेख्य देखिन्छ । उच्च रक्तचापका १०८ जना नयाँ बिरामी छन् भने १ हजार १६१ जना पुनः उपचारमा छन् । मधुमेहका ६४ जना नयाँ र ४७४ जना पुनः उपचारमा रहेका छन् ।

मुटु तथा रक्तनलीसम्बन्धी रोगका ७ जना नयाँ र ८४ जना पुनः उपचारमा छन् । फोक्सो रोगका १६ जना नयाँ र ८२ जना पुनः उपचारमा रहेका छन् । थाइरोइडका २४ जना नयाँ र ७८ जना पुनः उपचारमा छन् । क्यान्सरका ३० देखि ६९ वर्ष उमेर समूहका २ जना नयाँ बिरामी छन् । अन्य गैरसंक्रामक रोगका ९ जना नयाँ र ५७ जना पुनः उपचारमा रहेका छन् ।

दीर्घरोगीका लागि औषधि मात्रै पर्याप्त नहुने भएपछि वडा कार्यालयले महिनामा दुई पटक बिरामीलाई विशेषज्ञ चिकित्सकको परामर्श गराउँदै आएको छ । बागमती प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग वार्षिक सम्झौता गरेर स्वास्थ्य केन्द्रमै चिकित्सक ल्याउने गरिएको हो । अहेब महतका अनुसार प्रतिष्ठानबाट दुई जना फिजिसियन डाक्टर महिनामा दुई पटक स्वास्थ्य केन्द्रमा आउँछन् । महिला रोग विशेषज्ञ र रेडियोलोजिस्ट महिनामा एक-एक पटक आउँछन् । विशेषज्ञको सल्लाह आवश्यक पर्ने बिरामीले पनि आफ्नै वडामा सेवा पाउने अवस्था बनेको छ ।

स्वास्थ्य केन्द्रमा ल्याब सेवा पनि छ । ल्याबमा २० प्रकारका स्वास्थ्य परीक्षण हुने केन्द्रले जनाएको छ । यहाँ परीक्षण गरेको शुल्क पनि बिरामीले तिर्नुपर्दैन ।

अनलाइनखबरबाट

महिनावारी बिदा:महिलाकै लागि....

हेर्ने र जिम्मेवारी दिँदा पन्छाउने मानसिकता विकास हुन सक्ने उनको तर्क छ । त्यसैले बिदा भन्दा पनि मर्यादित कार्यस्थल हुनुपर्ने उनी बताउँछन् ।

मैनालीकै तर्कमा सहमत छिन् नेपाल हुँदै विश्वभर मर्यादित महिनावारीको अभियान चलाइरहेकी डा. राधा पौडेल ।समस्या महिलाको जैविक प्रक्रियामा नभई कार्यस्थल, सोच र पूर्वाधारमा रहेको तर्क अधिकारकर्मीको छ। अभियान्ता डा. राधा पौडेल यो अवधारणा नै त्रुटिपूर्ण रहेको बताउँछिन् । उनले महिनावारी बिदाको अवधारणा नै गलत छ। महिनावारी विभेदले निम्त्याएका असमान शक्ति सम्बन्ध, बहिस्करण लगायतमा ध्यान नदिइ ल्याइएका यस्ता बिदा सार्वजनिक खपतका मात्रै विषय हुन् भन्ने उनको तर्क छ । महिलाहरुलाई घर पठाउने बिदा होइन, उनीहरु खद्ने कार्यस्थललाई पो महिलामैत्री र मर्यादित बनाउनुपर्ने उनको भनाइ छ ।

मर्यादित महिनावारीको अर्थ बिदा होइन । कार्यालयमा सफा शौचालय, पानी र प्याडको उचित व्यवस्थापन हुनु प्राथमिक आवश्यकता हो । साथै महिनावरीको समय गरिने समानतापूर्ण व्यवहार पनि हो ।अहिले दर्ता भएको निजामती विधेयकमा महिनावारी बिदाको दिन, सर्त र प्रक्रिया स्पष्ट नपारी 'नियमावलीमा तोकिए बमोजिम' भनेर छाडिएको छ। यसले कार्यान्वयनमा अन्योल र दुरूपयोग वा विभेदको आशङ्का जन्माएको छ।

त्यसैले, संसद्रूरूरूमा भइरहेको यो संशोधन बहसलाई केवल 'बिदा दिने वा नदिने' भन्ने एकाङ्गी दायराबाट माथि उठाउनु आवश्यक छ। नेपालको सार्वजनिक प्रशासनलाई महिलामैत्री बनाउन सरकारले बिदाको स&्या तोक्ने होडभन्दा पनि व्यावहारिक कदममा ध्यान दिनुपर्छ।

जसका लागि पूर्ण बिदाको साटो कार्यप्रकृतिका आधारमा 'घरबाटै काम गर्ने' वा 'समय समायोजन गर्ने' लचिलो विकल्प दिइनुपर्छ।

डा. सुनीलमणि पोखरेलका अनुसार बिरामीको अवस्था दुखाइका कारण औषधि खानुपर्ने, अस्पताल भर्ना हुनुपर्ने वा इन्जेक्सन लगाउनुपर्ने अवस्थालाई भनिन्छ । त्यसैले

महिनावारीका कारण तीव्र दुखाइ वा जटिलता हुने महिलाका लागि मात्र चिकित्सकको परामर्शमा आवश्यकता अनुसार लचिलो बिदा वा विश्रामको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ । त्यसैले बिदा अनिवार्यभन्दा पनि सबै सरकारी तथा निजी कार्यालयमा महिलामैत्री शौचालय, सफा पानी, प्याड डिस्पोजर र आकस्मिक प्याडको उपलब्धता अनिवार्य गरिनुपर्छ।

निजामती ऐनको संशोधनमा बिदा थपेर उपकार गरेजस्तो गर्नेभन्दा पनि महिलाका लागि मर्यादित कार्यस्थल र लचिलो कार्य वातावरणको ग्यारेन्टी गर्नु नै वास्तविक लैङ्गिक समानता हुने देखिन्छ ।

डेंगीबाट बचौं र बचाऔं

लक्षण:

- ❖ उच्च ज्वरो आउनु,
- ❖ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
- ❖ अत्याधिक टाउको दुख्नु,
- ❖ शरीरमा राता बिबिराहरु आउनु,
- ❖ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- ❖ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- ❖ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- ❖ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- ❖ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- ❖ सुत्ने बेलामा झुल लगाएर सुतौं,
- ❖ एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

१५ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झैं-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

५ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।
- विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

४ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

बागमती प्रहरीको चाडपर्व सुरक्षा योजना ४ हजार ४९९ प्रहरी परिचालन हुँदै

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेश प्रहरी कार्यालयबाट नजिकिँदै गरेको दसैं, तिहार र छठ पर्वलाई लक्षित गरी प्रदेशका १० जिल्लामा ४ हजार ४९९ जना प्रहरी परिचालन हुँदैछन् ।

यात्रुको चाप बढ्ने भएकाले ४६ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरी ती कक्षमा दैनिक १२६ जना प्रहरी खटाइने प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

काठमाडौं, ललितपुर र भक्तपुरबाहेक बागमती प्रदेशका १० जिल्लामा 'चाडपर्व सुरक्षा योजना २०८३' तयार गरी सुरक्षा व्यवस्था मिलाइएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक दीपक रेग्मीले बताए। चाडपर्व लक्षित यात्रु सहायता कक्ष बसपार्कलगायत नाकामा राख्न थालिएको छ।

दसैं, तिहार र छठमा बसपार्कमा यात्रुको चाप बढी हुने भएकाले मुख्यगरी बसपार्कमा सहायता कक्ष राखिएको रेग्मीले बताए। उनका अनुसार कार्यालय सुरक्षाका लागि १ हजार ४६५ जना प्रहरी परिचालन गरिनेछ।

राजमार्गमा ट्राफिक प्रहरीसहित चेकिङ तथा अनुगमनका लागि ५८ वटा इयुटीमा २११ जना प्रहरी परिचालन गरिने योजना छ। यसैगरी ३१ स्थानमा आकस्मिक चेकिङ गरिने र त्यसका लागि १३८ जना प्रहरी परिचालन गरिने रेग्मीले बताए।

बजार अनुगमनका लागि १९ वटा टोली परिचालन गरिनेछ। चाडपर्वका अवसरमा आयोजना हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमको सुरक्षाका लागि पनि आवश्यक संख्यामा प्रहरी परिचालन गरिने जनाइएको छ। चाडपर्वको समयमा हुन सक्ने आपराधिक गतिविधि रोकथाम तथा नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने भएको छ। तिहारमा हुने पटका प्रयोगलाई नियन्त्रण गर्नसमेत आवश्यक तयारी गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

सुरक्षा योजनाको कार्यान्वयन तथा अनुगमनका लागि बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, नेपाल प्रहरी प्रदेश कार्यालय बनेपा, बागमती प्रदेश प्रहरी गण हेटौंडा र नेपाल प्रहरी विशेष सुरक्षा गण रातोमाटेबाट प्रहरी परिचालन तथा अनुगमन गरिनेछ। आवश्यकताअनुसार प्रदेशबाट थप प्रहरी टोलीसमेत परिचालन गरिने रेग्मीले जानकारी दिए।

उपत्यकाका तीन जिल्लाबाहेक बागमती प्रदेशका १० जिल्लामा ७ हजार ३०४ जनाको प्रहरी दरबन्दी छ। त्यसमध्ये ५ हजार ९३४ जना कार्यरत छन्। १८.३४ प्रतिशत अर्थात् १ हजार ३७० दरबन्दी खाली रहेको छ।

राक्सिराङका चेपाङ समुदायमा विशेषज्ञ स्वास्थ्य सेवा

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको अति विकट राक्सिराङ गाउँपालिकाका सीमान्तकृत चेपाङ समुदायलाई लक्षित गर्दै मङ्गलबार नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

गैरसरकारी संस्था 'होसन्ना सेवकाई नेपाल'को आयोजनामा राक्सिराङ ५, कुतसिङमा शिविरआयोजना गरएको हो । साथै यस क्षेत्रका १२२ परिवारलाई खाद्यान्न तथा वाटर फिल्टर वितरण गरिएको हो ।

बागमती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकास मन्त्री गिरबहादुर तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा त्यस क्षेत्रका १ सय २२ चेपाङ घरपरिवारलाई खाद्यान्न र ४ सय ५० परिवारलाई सुरक्षित खानेपानीका लागि वाटर फिल्टर वितरण गरिएको छ ।

राहत सामग्री वितरण सम्पन्न भएलगत्तै स्थानीयका लागि नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञ चिकित्सकहरुसहितको स्वास्थ्य शिविरबाट ५ सयभन्दा बढी स्थानीयलाई सेवा प्राप्त गरेको छन् ।

कार्यक्रममा मन्त्री तामाङले सीमान्तकृत चेपाङ समुदायको तात्कालिक आवश्यकता पूर्तिदेखि लिएर दीर्घकालीन आत्मनिर्भरता र राक्सिराङको पूर्वाधार विकासको समस्या समाधान गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

'पहाडी भूगोल र बाटोघाटोको कठिनाइका कारण बिरामीहरु अस्पताल पुग्दापुग्दै बाटोमै झन् थला पर्ने अवस्था छ । यहाँ विकासका काम गर्न निकै कठिन छ, यसको समाधानका लागि हामी छलफल गर्नेछौं,' मन्त्री तामाङले भन्नुभयो ।

उहाँले सीमान्तकृत समुदाय सधैं सहयोग थाप्ने मात्र नभई आफैं कमाएर घर चलाउन सक्ने स्वावलम्बी बन्नुपर्नेमा जोड दिँदै दुर्गम क्षेत्रका नागरिकलाई सम्झेर सहयोग गरेकोमा आयोजक संस्थाको प्रशंसा गर्नुभयो ।

यस्तै, होसन्ना सेवकाई नेपालकी प्रमुख कार्यकारी अधिकृत पुजा बादीले समाजमा पिछडिएका समुदायको उत्थानमा संस्थाले विगत दुई दशकदेखि काम गर्दै आएको बताउनुभयो । सीमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन उनीहरुको शिक्षा, स्वास्थ्य र दिगो विकासका लागि सरकारसँग समन्वय गरेर अगाडि बढिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

राक्सिराङ गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष हरिबहादुर प्रजाले प्राप्त राहत सामग्रीको सही सदुपयोग गर्न स्थानीयलाई आग्रह गर्नुभयो । गाउँमै सञ्चालन भएको विशेषज्ञ स्वास्थ्य शिविरबाट स्थानीयले लाभ लिएको बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य निर्देशक डा नरेन्द्र कुमार झा, स्वास्थ्य तालिम केन्द्रका प्रमुख डा दिपकप्रसाद तिवारीलगायतको उपस्थिति रहेको थियो ।

अभाव र भौगोलिक विकटताको मारमा रहेका राक्सिराङका बासिन्दाले गाउँमै विशेषज्ञ स्वास्थ्य सेवा र चाडपर्वको मुखमा प्राप्त दैनिक उपभोग्य सामग्रीले राहत भएको बताए ।

महाविपत्तिबाट प्रभावित बस्ती सुरक्षित स्थानमा सारिने

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले हालैको बाढी पहिरोबाट प्रभावित तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी नयाँ एकीकृत बस्ती विकास गर्ने योजना अघि सारेको छ।

प्रधानमन्त्रीको अध्यक्षतामा बसेको केन्द्रीय विपद् परिषद्को बैठकमा बागमती प्रदेशका मुख्यमन्त्रीले प्रभावित बस्तीको पुन:स्थापना र पुनर्निर्माणसम्बन्धी योजना प्रस्तुत गर्नुभएको हो ।

भोटेकोशी र त्रिशूली नदी आसपासका क्षेत्रमा आएको बाढी तथा पहिरोका कारण ठूलो क्षति भएपछि जोखिमयुक्त पुराना बस्तीलाई सोही स्थानमा पुन:स्थापना नगर्ने नीति प्रदेश सरकारले लिएको मुख्यमन्त्री किरण थापाले जानकारी दिनुभयो ।

बाढीले बगरमा परिणत गरेका क्षेत्रमा पुनर्निर्माण नगरी त्यस्ता स्थानलाई वृक्षारोपण तथा हरियाली क्षेत्रका रुपमा विकास गर्ने योजना बनाइएको उहाँले बताउनुभयो ।

प्रभावित परिवारलाई पुन:स्थापनाका लागि स्थानीय तहसँगको समन्वयमा सुरक्षित वैकल्पिक जग्गा पहिचान गरिएको प्रदेश सरकारले जनाएको छ।

तिनै तहको सरकार मिलेर स्थानीय पालीकाले उपलब्ध गराएको ११५८ रोपनी जग्गा र ४०० रोपनी स्थानीयको जग्गा मिलाएर ल्यान्ड पुलिङ मार्फत स्मार्ट सिटीको लागि चाहिने आवश्यक पुर्वाधारसहित 'ल्यान्ड पुलिङ' प्रणालीमार्फत एकीकृत बस्ती विकास गरिने योजना छ।

नयाँ बस्तीमा व्यवस्थित आवाससँगै आवश्यक आधुनिक पूर्वाधार निर्माण गरिनेछ। विस्तृत परि योजना प्रतिवेदन (डीपीआर) तयार गरी बस्तीमित्र स्वास्थ्य चौकी, सामुदायिक विद्यालयलगायत आधारभूत सेवा तथा सुविधाको व्यवस्था गरिने मुख्यमन्त्रीले जानकारी दिनुभएको छ।

यस्तै बाढीका कारण पूर्ण रुपमा क्षति भई बगरमा परिणत भएका निजी जग्गाको सट्टा प्रभावित नागरिकलाई सुरक्षित स्थानमा लालपुर्जासहितको जग्गा उपलब्ध गराउने गरी जग्गा सट्टापट्टाको व्यवस्था मिलाइने पनि मुख्यमन्त्री थापाले बताउनुभयो ।

प्रदेश सरकारले बाढी□पहिरो प्रभावित क्षेत्रमा खोज तथा उद्धार, उपचार, अस्थायी आवास र खाद्यान्न व्यवस्थापनलगायत प्राथमिक चरणमा राहतका काम सम्पन्न भएको जनाएको छ। स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय तथा सहकार्य गर्दै दिगो पुनर्निर्माण र पुन:स्थापनाको कामलाई तीव्रता दिने मुख्यमन्त्री थापाले बताउनुभयो।

सरकारले विपद्बाट क्षतिग्रस्त क्षेत्रको पुनर्निर्माणसँगै भविष्यमा दोहोरिन सक्ने विपद्को जोखिम न्यूनीकरणलाई समेत प्राथमिकतामा राखेर सुरक्षित र व्यवस्थित नयाँ बस्ती विकास गर्ने संघीय सरकारमा जानकारी गराइएको छ।

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दु:ख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार उपभोक्ता संरक्षण सम्बन्धी कानूनको पालना गरौं । उपभोक्ताहरुले पनि आफ्नो अधिकारको लागि खबरदारी जारी राखौं । उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानीबाट क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्था कार्यान्वनको लागि हातेमालो गरौं ।

सार्वजनिक हितको लागि सहीखबर